# Puspa Shrestha

Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students (Based on Updated Curriculum 2077)
puspas.com.np

PDF Collections
Notes
Books
Model Questions

This PDF was downloaded from puspas.com.np

---

Visit our website for more materials.

puspas.com.np

Follow us on:

AR Dinesh

puspas.com.np

Puspa Shrestha

## ३१. ऐ. नेपाली (**Nep 332**)

### विशिष्टीकरण तालिका

विषयः ऐ. नेपाली (**Nep 332**) कक्षाः १२

| क्षेत्र | विधा | ज्ञान र बोध | | | व्यवहारिक सिप | | | उच्च दक्षता | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्कभार | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | | | | |
| पाठ्यवस्तुको बोध | कथा | | १ | | | | | | | | १ | ४ | २० | कथा पाठको सङ्केतक अंश दिई कथावस्तु, पात्र, परिवेश, विचारपक्ष, उद्देश्य, भाव, शब्दशक्ति, रस, दृष्टिबिन्दु, शीर्षक सार्थकता, भाषिक संरचनामध्ये बाट कुनै दुई प्रश्न सोध्ने र त्यसको छोटो उत्तर लेख्न लगाउने । |
| | कविता | | १ | | | | | | | | १ | | | कविता पाठको सङ्केतक अंश दिई मूलभाव, लयविधान, शब्दशक्ति, शैलीपक्ष, रस, अलङ्कार र छन्दमध्ये बाट कुनै दुई प्रश्न सोध्ने र त्यसको छोटो उत्तर लेख्न लगाउने । |
| | निबन्ध | | १ | | | | | | | | १ | | | निबन्ध पाठको सङ्केतक अंश दिई उद्देश्य, मूल विचार, परिवेशपक्ष, शीर्षक सार्थकता, प्रवृत्ति र भाषिकशैलीपक्षमध्ये बाट कुनै दुई प्रश्न सोध्ने र त्यसको छोटो उत्तर लेख्न लगाउने । |
| | आत्मजीवनी | | १ | | | | | | | | १ | | | आत्मजीवनी पाठको सङ्केतक अंश दिई विषयवस्तु, प्रेरक सन्दर्भ, योगदान, जीवनवादी दृष्टिकोण, तात्कालीक सामाजिक जीवनको पहिचानमध्ये कुनै दुई प्रश्न सोध्ने र त्यसको उत्तर लेख्न लगाउने । |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

CURRICULUM DEVELOPMENT CENTRE

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साहित्य इतिहास | निर्धारित विधाका कालक्रम, मूल प्रवृत्ति र प्रतिनिधि स्रष्टा | | | | | | | | ४ | | ४ | ३ | १५ | (क) नेपाली कथाको विकासक्रम, मूल प्रवृत्ति र स्रष्टा<br>(ख) नेपाली कविताको विकासक्रम, मूल प्रवृत्ति र स्रष्टा<br>(ग) नेपाली उपन्यासको विकासक्रम, मूल प्रवृत्ति र स्रष्टा<br>(घ) नेपाली गीत गजलको विकसक्रम, मूल प्रवृत्ति र स्रष्टा<br>(ङ) नेपाली नाटकको विकासक्रम<br>(च) नेपाली निबन्धको विकासक्रम<br>(छ) नेपाली समालोचनाको विकासक्रम<br>(ज) नेपाली खण्डकाव्यको परिचय, विकासक्रम, खण्डकाव्यका तत्व, खण्डकाव्यको वर्गीकरण<br>(उक्त विधाक्षेत्र मध्ये कालक्रम र तिनका मूल प्रवृत्ति तथा विशेषतामध्ये बाट कुनै तीन र तिनका प्रतिनिधि स्रष्टामध्ये बाट एक गरी चारओटा प्रश्न सोध्ने र कुनै तीनको उत्तर दिन लगाउने) |
| सप्रसङ्ग व्याख्या/ भावविस्तार | कथा, निबन्ध, नाटक, कविता र खण्डकाव्य | | | | | | | | ३ | | ३ | २ | १० | कथा, कविता, निबन्ध, नाटक, उपन्यास विधाबाट पाठगत कुनै तीन उद्धरण दिई कुनै दुई उद्धरणको सप्रसङ्ग व्याख्या /भाव विस्तार गर्न लगाउने |
| सारलेखन / घटना टिपोट | कथा, नाटक, खण्डकाव्य आत्मजीवनी र निबन्ध | | | | | १ | | | १ | | २ | १ | ६ | कथा, नाटक, निबन्ध र खण्डकाव्यमध्ये कुनै दुई विधाको सार लेखन, मुख्य मुख्य घटना टिपोट, समीक्षा र घटनाक्रम मिलानमध्येबाट कुनै दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने |

CURRICULUM DEVELOPMENT CENTRE

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| समीक्षात मक | कथा, कविता, निबन्ध, नाटक र खण्डकाव्य | | | | | | | | | ४ | ४ | ३ | २४ | कथा, कविता, निबन्ध, नाटक र खण्डकाव्य विधामध्ये बाट विषयवस्तु, सन्देश, पात्रचित्रण, परिवेश, रस, अलङ्कार, छन्द, शब्दशक्ति, भाषाशैली, द्वन्द्व, शीर्षक सार्थकता, दृष्टिबिन्दु, लयविधानमध्ये बाट कुनै चार प्रश्न सोधी कुनै तीन प्रश्नको समीक्षात्मक उत्तर दिन लगाउने |
| **जम्मा** | | | **४** | | | **१** | | | **८** | **४** | **१७** | **१३** | **७५** | |

CURRICULUM DEVELOPMENT CENTRE

**नमुना प्रश्नपत्र २०७८**

नेपाली (ऐच्छिक)

कक्षा : १२ पूर्णाङ्क : ७५

समय : ३ घण्टा

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।**

**समूह 'क'**

**तलका प्रश्नको छोटो उत्तर दिनुहोस् : ४ × ५ = २०**

**१. तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

रने गएको सुनी पछ्यौराबाट मुख झिकी सेतीले हेरी । स्वाल्र्याङ स्वाल्र्याङको आवाज झन् झन् सुस्त हुँदै गयो तर रनेको लामो गर्दनमा गलबन्दी नाचेको उसको आँखामा घुम्न थाल्यो र "मलाई एउटा कुराको सन्तोक भो" भन्ने बोली उसको कानमा गुँज्न छोडेन । उसको कलेजाका खाटाहरू उप्के । अघि रनेले कुरा गर्दा पनि नगिरेको आँसुको बलिन्द्र धारा छुट्यो । आवाज सुनिन छोड्यो, रने देखिन छोड्यो, तैपनि सेतीले आँसु नपुछी एकनाससँग उतै हेरिरही ।

(क) रनेकी पत्नी सेतीको कस्तो मनोदशाको चित्रण गरिएको छ ?

(ख) प्रस्तुत कथांशमा कस्तो रसभाव व्यक्त भएको छ ?

**२. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

(क) प्रस्तुत कवितांशमा प्रकृतिलाई कसरी मानवीकरण गरी देखाइएको छ ?

(ख) माथिको कवितांशमा कुन अलङ्कारको प्रयोग भएको छ ?

**३. तलको निबन्धांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

अस्तिसम्म नालुको जुत्ता लाएर आलु बेच्न जाने तालु खुइलिएको कालु साहुलाई अहिले ठालु भयो भन्दैमा महापुरुष कसरी भयो भन्नु ? भन्ने तर्क पनि आउला, तर ऊ लघुपुरुष हुँदो हो त लक्ष्मीले कसरी पत्याउँथिन् ! स्वाँठ भएर अरूलाई लछार्ने भए पनि, ट्वाँट पिएर सडकमा पछारिने भए पनि क्याँट भएपछि महाजन नै गनिन्छ । यसको क्याँट कताबाट कसरी बटुलियो भन्नेतिर किन सोचिरहुँ ? यसरी भित्र भित्रका कुरा खोतल्ने हो भने कसका के के देखिन्छन् के के !

(क) कालु साहुलाई महापुरुष मान्न सकिने आधार के के छन् ?

(ख) प्रस्तुत निबन्धांशमा कस्तो व्यञ्जना अभिव्यक्त भएको छ ?

**४. तलको आत्मजीवनीको अंश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

यो के भयो अरूको संस्मरणमा बाँचेको मेरो अनुभूतिहीन अनुभूति । मलाई लाग्छ मेरो बाह्र वर्षको उमेरदेखि नै त्यो भयानक रातो झुसिल्किरा जस्तो प्रतीक बोकेको अनुभूति मेरो मानसिकताले झेल्न थालिसकेको थियो भने शरीरले त्यही भयानक झुसिल्किरा चपाउनुको जस्तो कष्टमय अनुभूति । मानसिक, शारीरिक दुवै रूपमा मैले असाधारण कष्टमय क्षणहरू बाँचेकी छु, त्यसैले मैले बाँचेको जीवन एउटा जटिलतम् जीवनको परिभाषा हो ।

(क) प्रस्तुत अंशमा म पात्रले बाँचेको जीवनको कस्तो अनुभूति व्यक्त भएको छ ?

(ख) माथिको अनुच्छेमा प्रयुक्त भाषिक विशिष्टता लेख्नुहोस् ।

CURRICULUM DEVELOPMENT CENTRE

**समूह 'ख'**

**तलका कुनै तीन प्रश्नको उत्तर दिनुहोस् : ३ × ५ = १५**

१. आधुनिक नेपाली कथाको यथार्थवादी धाराका प्रमुख विशेषता उल्लेख गर्नुहोस् ।
२. वीरधाराका नेपाली कविताका मुख्य विशेषता उल्लेख गर्नुहोस् ।
३. नेपाली समालोचनाको मुख्य मुख्य धाराको चिनारी दिनुहोस् ।
४.आधुनिक नेपाली उपन्यासको आदर्शोन्मुख यथार्थवादी धाराका प्रतिनिधि स्रष्टाका बारेमा लेख्नुहोस् ।

**समूह 'ग'**

**तलका कुनै दुई प्रश्नको भाव विस्तार गनुहोस् : २ × ५ = १०**

१. आगो आज उठी सक्यो झुपडिमा बन्दै गई उन्मना
हाम्रो के अब झुक्न सक्छ र यहाँ विज्ञानवादी फणा ?
उठ्दै छन् हँसिया, हलो र खुकुरी खुर्पी खुँडा बन्चरा
उठ्दै छन् नवचेतना सजग भै आत्मा भएका दरा ।

**२.** दैवीप्रकोपको अघिल्तिर नतमस्तक शिविरमा मानिसको स्वासप्रश्वाससमेत सुस्ताइरहेको थियो । एउटा मानिसको व्यथा अर्को मानिसको व्यथामा मिसिएर एकाकार भएको थियो ।

**३.** महानता र नीचता जीवनका दुई जीवनपद्धति हुन् ।

**समूह 'घ'**

**तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् : १ × ६ = ६**

१. मसान नाटकमा कस्तो नारीवादी चिन्तन प्रस्तुत गरिएको छ ? समीक्षा गर्नुहोस् ।
२. तलको 'दोस्रो बाटो' कथाको घटनाक्रमलाई मूल कथाका आधारमा क्रम मिलाई लेख्नुहोस् :

- म पात्रले आफूलाई छोडेर जाने पतिलाई त्यागी छोराछोरीको भविष्यका लागि दोस्रो बाटो रोज्नु
- म पात्र आफ्ना श्रीमान् प्रकाशको कुरालाई कुनै वास्ता नगरी गाउँ जाने तरखर गरिरहेकी
- विवाहपछि म पात्रको श्रीमान् प्रकाशसँग खटपट सुरु भएको
- म पात्रले पनि आफूलाई छोडेर जाने पतिलाई त्याग्ने निर्णय गर्नु
- म पात्रका श्रीमान् प्रकाशले घर छाडेर जानु

**समूह 'ङ'**

**तलका कुनै तीन प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : ३ × ८= २४**

१. 'अहल्या' कविताको मूलभाव प्रस्तुत गर्नुहोस् ।
२. 'मुनामदन' खण्डकाव्यमा धन र मनको द्वन्द्वलाई कसरी प्रस्तुत गरिएको छ, विवेचना गर्नुहोस् ।
३. 'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा' निबन्धमा लेखकले जीवनको गहनता, महानता र भिन्नतालाई कसरी देखाएका छन् ? स्पष्ट पार्नुहोस् ।
४. 'हिउँका डोबहरू' कथामा कस्तो अस्तित्ववादी जीवन दृष्टि व्यक्त भएको छ, विवेचना गर्नुहोस् ।

*****

CURRICULUM DEVELOPMENT CENTRE

# Puspa Shrestha

Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

---

Please subscribe to our YouTube Channel. Also, like and follow us on our Facebook Page.

---

Please check out the following post for downloading model questions of other subjects.

## Class 12 Model Question 2078 PDF (All Subjects) With Specification Grid

Dinesh Shrestha




---

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.

---

**Follow us on:**

AR Dinesh puspas.com.np Puspa Shrestha